जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ६५ २०८१ साल असोज १६ गते बुधबार (2 Oct. 2024 Wednesday) मूल्य रु. ५/-




***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दसैं को मुखमा कष्टकर यात्रा, जोखिमपूर्ण पृष्ठमा : सडक यातायात क्रमश ... ३ पृष्ठमा :जम्मु-कस्मिरमा विधानसभा निर्वाचन...

# पाँच वर्ष अघि बाढीले बगाएको नेपाल-भारत मैत्री पुल निर्माणका लागि कुटनीतिक पहल सुरु : मुख्यमन्त्री सिंह





**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

पाँच वर्ष अघि बाढीले बगाएको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र सीमावर्ती भारतीय बजार कुनौलीलाई जोड्ने एकमात्र अस्थायी पुल (चचरी) अझै निर्माण हुनसकेको छैन् ।

लामो समयदेखी सो अस्थायी पुल निर्माण हुननसक्दा सर्वसाधारणलाई आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ । विशेष गरि वर्षायाममा जोखिम मोलेर सर्वसाधारण आउजाउ गर्न बाध्य भएका छन् ।

झण्डै चार दशकअघि सहज आवतजावतका लागि स्थानीय र सीमावर्ती भारतीय कुनौली बजारका बासिन्दा समेत मिलेर उक्त खोलामाथी बासको फडकेबाट पुल बनाएर आवागमनको व्यवस्था मिलाएको थियो ।

तिलाठी कोइलाडी गाउँपालिका १ बेल्हीस्थित राजविराज भन्सार कार्यालय अगाडी रहेको खोलामा बासको फडके बनाएर पुनःआवागमनको व्यवस्था मिलाउने प्रयास गरिएको भएपनी भारतीय एसएसबीको अवरोधका कारण रोकिएको तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालिन अध्यक्ष समेत रहेका मधेश प्रदेशका वर्तमान मुख्यमन्त्री सतिश कुमार सिंहले बताए ।

उनले दुबै देशका नागरिकको सहज आवागमनका लागि त्यती बेला बाढीले बगाएको अस्थायी पुल पुर्ननिर्माणको प्रयास गरेपनी सीमा क्षेत्रमा तैनाथ भारतीय एसएसबी (सुरक्षाकर्मी) ले अवरोध गरेको बताए । उनले आफू पालिका अध्यक्ष भएको बेला नै उक्त स्थानमा पुल बनाउने अथक प्रयास गरेपनी भारतीय सुरक्षाकर्मीले "माथीको आदेश चाहियो" भन्दै अवरोध गर्दा पुल निर्माण कार्य बढ्न नसकेको जानकारी दिए ।

उनले सो स्थानमा सहज आवागमनका लागि नेपाल-भारत मैत्री पुल निर्माण गर्ने आफ्नो योजना रहेको सुनाउँदै यसका लागि संघीय सरकारको समन्वयमा भारत सरकारसँग कुटनीतिक पहल भइरहेको जानकारी समेत दिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मंडलले आफूले जिम्मेवारी सम्हालेपछी उक्त ठाउँमा पुल निर्माणका लागि प्राथमिकताका साथ लागे पनी भारतीय सुरक्षाकर्मीको अवरोधका कारण सफल हुन नसकेको बताए । "मंगलबार सीमावर्ती भारतको कुनौली, कमलपुर र डगमारा ग्राम पंचायतका मुखियाहरु समेतको बैठक गरी पुल निर्माण बारे छलफल गरिएको छ, अध्यक्ष मंडलले भने, "यसले पुल निर्माणको वातावरण बन्ने विश्वास लिएका छौं ।"

उनले बैठकमा दुबै देशका नागरिक अगुवाले पुल बनाउन आ-आफ्नो सरकारको ध्यानाकर्षण गराइ पहल गर्ने सहमति बनेको जानकारी समेत दिए ।

सुख्खायाममा जसोतसो आवतजावत हुने गरे पनी वर्षायाममा जोखिम मोलेर आउजाउ गर्ने बाध्यता रहेको तिलाठी कोइलाडी गाउँपालिका १ निवासी रुपकान्त मिश्रको भनाई छ ।

भारत-नेपालको सीमामा पर्ने कुनौली बजारमा यस क्षेत्रका जनता किनमेल, उपचार, तिर्थाटन लगायत विभिन्न कामका सिलसिलामा आवतजावत गर्न यही बाटो प्रयोग गर्ने गरेका छन् ।

# राष्ट्रिय मुक्ति क्रान्तिले सबै जिल्लाका संयोजक तोक्यो, सप्तरी संयोजकमा दिपेन्द्र चौधरी

**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

राष्ट्रिय मुक्ति क्रान्ति नेपाल पार्टीको मंगलबार बसेको बैठकले ७७ वटै जिल्लाको संयोजकहरु मनोनित गरेको छ ।

पार्टी अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा बसेको बैठकले ७७ वटै जिल्ला संयोजकहरु मनोनित गरिएको मंगलबार जारि विज्ञप्तिमा जनाइएको छ ।

मधेश प्रदेशको सप्तरी जिल्लामा दिपेन्द्र चौधरी, सिरहामा सत्यनारायण साह, धनुषामा राजेश चौधरी राजु, महोत्तरीमा अवधेश प्रसाद, सर्लाहीमा बिनोद साह, रौतहटमा अवधलाल राय, बारामा अमरदेव यादव र



पर्सामा राजेश साहलाई संयोजक तोकिएको पार्टीका अध्यक्ष महतोद्वारा जारि विज्ञप्तिमा जनाइएको छ ।

सोही बैठकले पार्टीका सबै नेता कार्यकर्ताहरुलाई बाढी पहिरोबाट पीडित भएका आमजनतालाई तन, मन, धनका साथ दुखको घडीमा सहयोग गर्न आग्रह गर्ने निर्णय पनि गरेको विज्ञप्तिमा उल्लेख छ ।

# फत्तेपुर-हनुमाननगर खण्डलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न मन्त्री लेखीको प्रस्ताव



**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले सप्तरी जिल्ला अन्तर्गत फत्तेपुर, सिद्दिपुरदेखि भारदह, हनुमाननगरसम्म २५ किलोमिटर क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्नुपर्ने प्रदेश सरकार समक्ष प्रस्तावसहित ध्यानाकर्षण गराएका छन् ।

मधेश प्रदेश सरकारको प्रदेश नीति तथा योजना आयोगको आयोजनामा "दोश्रो आवधिक योजना आ.व. २०८१/८२-२०८५/८६ को परिमार्जित मस्यौदा उपर छलफल कार्यक्रममा बोल्दै उनले उक्त प्रस्तावसँगै मधेश प्रदेश सरकार समक्ष ध्यानाकर्षण गराएका हुन् ।

प्रदेश सरकारको पञ्च वर्षिय मस्यौदा उपर छलफल कार्यक्रममा बोल्दै मन्त्री लेखीले सप्तरी जिल्लाको सप्तकोशी

***बाँकी अन्तिम पृष्ठमा***

# राष्ट्रिय वाणिज्य बैंकद्वारा दुई करोड सहयोग

काठमाडौं १५ असोज (रासस) ।

राष्ट्रिय वाणिज्य बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई करोड सहयोग गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बैंक सञ्चालक समितिका अध्यक्ष दीलिपकुमार ढुङ्गानाले उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको हो । प्रधानमन्त्री ओलीले बैंकप्रति कृतज्ञता व्यक्त गर्दै बाढीपहिरो र डुबानले जनता अप्ठ्यारोमा परेका बेला यस प्रकारका सहयोग र ऐक्यबद्धताले राहत मिल्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले संस्थागत सामाजिक उत्तारदायित्वअन्तर्गत उक्त रकम प्रदान गरिएको बताउनुभएको थियो । मन्त्रिपरिषद्को सोमबारको बैठकले उक्त कोषमा रु एक अर्ब दाखिला गर्ने निर्णय गरेको थियो ।

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर**

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दसैंको पूर्वसन्ध्यामा महँगी तथा कालोबजारी रोक्नु आवश्यक

महान चाड दसैंको पूर्वसन्ध्यामा अहिले हरेक बस्तुको मुल्य बढेको छ भने कालोबजारीले प्रसय पाएको छ । यति मात्र नभएर हरेक किसिमका खाद्यपदार्थ र खानेकुरामा मिसाबट समेत बढेको छ । यसबाहेक पेट्रोलियम पदार्थको मुल्य घटेसँगै बजारमा अभाव देखिएको छ । सो कृतिम अभावले पेट्रोलियम पदार्थको कालोबजारी समेत भइरहेको छ ।

चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मुल्य बृद्धिसँगै मिसाबट पनि भइरहेको छ । यसले गर्दा उपभोक्ता मारमा परेका छन् भने स्वास्थ्यमा समेत असर परेको छ । यता स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा पनि खुल्लेआम मिसाबट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात इँटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाखाको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धूलो र बेसारको धूलोमा इँटाको धूलो मिसाउने काम तिब्र गतिमा भइरहेको छ । यस बाहेक हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ । उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् ।

यसरी लगातार खाद्यवस्तुमा मुल्य बृद्धि भइरहेमा आर्थिक मन्दीका बीच चाडपर्व कसरी मनाउने भन्ने चिन्ता पनि आमजनतामा भएको छ । तसर्थ चाड पर्वको बेला मुल्य बृद्धि, कालोबजारी र मिसावट लगायतका विषयप्रति स्थानीय सरकार गम्भिर हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दसैंको मुखमा कष्टकर यात्रा, जोखिमपूर्ण यात्रा नगर्न सुझाव

**नारायण ढुङ्गाना**

काठमाडौं, १५ असोज (राससः) । वर्षाका कारण देशका अधिकांश राजमार्ग तथा सडक भत्किँदा नेपालीहरूको महान् चाड दसैंको मुखमा यात्रा कष्टकर बनेको छ । दसैंका लागि पोकोपुन्तुरा बोकेर आफन्तसँगै रमाइलो गरी पर्व मनाउन हिँडेका यात्रु अहिले ठाउँठाउँका सडकमा अलपत्र छन् । कतिबेला घर पुग्ने हो ठेगान छैन । अन्य प्राकृतिक विपत्तिले झ्याप्ले खोलामा आएको पहिरोमा नागरिक बिलाए झैं हुने हो कि भन्ने त्रासमा यात्रा गर्न बाध्य छन् ।

यही असोज ११ गतेदेखि नै काठमाडौंको नागढुङ्गा हुँदै जाने सवारी साधन गन्तव्यमा जान सकेका छैनन् । सामान्य रूपमा सडकमा खसेको पहिरो हटाएर सवारी साधन कछुवाको गतिमा चल्न सुरु भएलगत्तै असोज १४ गते दिउँसोबाट रात्रिकालीन सवारी साधन काठमाडौंबाट छुटाउन थालिएको थियो । दसैंका यात्रु भरिभराउ ती रात्रिकालीन बस एकैचोटि निस्किए ।

राजमार्गमा सुस्त गतिमा मात्रै सवारी साधन चल्नसक्ने अवस्थामा यातायातको चाप अत्यधिक हुँदा र चालकको 'ओभरटेक' गर्ने पुरानै नराम्रो बानीले सडक खुले पनि जामको समस्या कायमै छ । यद्यपि बीचबीचमा पुनः पहिरो खस्ने क्रम जारी तथा ठाउँठाउँमा एकतर्फी सडकले जाम थपिएको छ ।

त्यसैले अब यात्रुहरूले यो दसैंमा घर पुग्न ठूलै युद्ध जिते झैं हुने अवस्था रहेको चितवन जान लागेका यात्रु कृष्ण शर्माले बताउनुभयो । सोमबार राति ११ बजे नागढुङ्गा नाका हुँदै उपत्यका छाड्ने यात्रु बोकेका सवारी साधनहरू काठमाडौंको नैकापसम्म लाइन थियो । मंगलबार पनि ती सवारी साधन राम्ररी अघि बढ्न सकेका छैनन् । यस्तै, पूर्व र पश्चिम नेपाल जाने राजमार्ग पनि राम्ररी सञ्चालन हुन सकेका छैनन् । नेपाल प्रहरीका अनुसार मंगलबार पनि २० भन्दा बढी ठाउँमा राजमार्ग अवरोध नै रहेको तथ्याङ्क छ । केही ठाउँमा पहिरो हटाउने र सडक खुलाउने काम पनि जारी छ ।

सडक यात्रा जोखिमपूर्ण रहेपछि अहिले हवाई यात्रुको सङ्ख्या थेगिनसक्नु भएको छ । नारायणगढबाट बुटवल हुँदै जाने सडकको दाउन्ने खण्डमा सडक भाँसिएका कारण उक्त खण्ड पनि पूर्णरूपमा बन्द हुँदा सवारी साधनको चाप थपिएको छ । बिपी राजमार्ग पनि क्षतविक्षत अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

काठमाडौं-नारायणगढ सडकका दर्जनौं ठाउँमा भत्किएको सडक गाडीको अत्यधिक चापका कारण राम्री सवारी साधन सञ्चालन हुने गरी सडक व्यवस्थापन गर्न सक्ने अवस्थासमेत छैन । हेर्दा कामचलाउका रूपमा मात्रै यातायात सञ्चालन गरिएको छ । सामान्य पानी परेको खण्डमा यातायात पूर्णरूपमा अवरुद्ध हुने अवस्था रहेको नेपाल प्रहरीका सहायक प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारी बताउनुहुन्छ ।

समयमै गन्तव्यमा यातायातका साधन जान नसकेपछि यातायातको 'चेन ब्रेक' हुने अवस्थाले गर्दा यात्रुको चाप बढ्ने, यातायात अव्यवस्थित हुने, यात्रुको तँछाडमछाड हुने र त्यसले दसैंसम्म नै यात्रा कष्टकर हुनसक्ने देखिएको छ । यातायात व्यवस्था विभागले यही असोज १४ गतेदेखि देशभर बाटो इजाजत खुला गरेकाले अब गाडीको चाप झन् बढ्न थालेको छ ।

पानी पर्दै नपरेको खण्डमा दसैं आसपाससम्म यातायात पूर्णरूपमा सहज पार्ने प्रयास जारी रहेको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता, सहसचिव ऋषिराम तिवारी अहिले कसरी हुन्छ रोकिएका यातायातलाई गन्तव्यमा पुर्‍याउने र यातायात सहज आवागमन पार्ने भन्नेमै सरकारको ध्यान रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "प्राथमिकताका आधारमा अत्यावश्यक र यात्रुवाहक साधनलाई पठाउने गरिएको छ, त्यसपछि खाद्यान्न, इन्धनलगायत बोकेका अत्यावश्यक सवारी साधनलाई प्राथमिकतामा राखेर व्यवस्था भइरहेको छ ।"

प्रवक्ता तिवारीका अनुसार केही ठाउँमा पहिरो गएको र झ्याप्ले खोलामा पनि एकतर्फी जस्तै छ । त्यसैले समस्या भएको उहाँले बताउनुभयो । अब दाउन्नेमा पनि एकतर्फी खुलेको र धादिङको पहिरो हटाइसकेका कारण यातायात आवागमन सहज बन्दै जाने उहाँले बताउनुभयो ।

उहाँका अनुसार अहिले बिहान ११ देखि १ बजेसम्म बीचबीचमा सवारी साधन रोकेर दुईतर्फी यातायात खुलाउने गरी काम अघि बढाउने निर्णय भएको छ । अबको केही दिनमा पुरानै अवस्थामा यातायात आवागमन सहज हुनेगरी व्यवस्थापन कार्यलाई तीव्रता दिइएको उहाँले बताउनुभयो । यो चाडपर्वमा १८ लाख मानिसले राजधानी छाड्ने अनुमान यसअघि नै गरिएको थियो ।

**यही अवस्थामा गाडी लैजान सक्दैनौं**

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला अब दसैंको बुकिङ नै बन्द गर्न लागिएको बताउनुहुन्छ । यो अवस्थामा कुनै हालतमा यात्रुलाई गन्तव्यमा लैजान नसकिने उहाँले राससलाई बताउनुभयो ।

वरिष्ठ उपाध्यक्ष सिटौलाले भन्नुभयो, "विषम परिस्थिति, वर्षालगायत कारण राज्यले व्यवस्थापन गर्न सकिरहेको छैन, बिपी राजमार्ग ठप्पै छ, त्यहाँ ६०० सवारी साधन रोकिएका छन्, चालक खान नपाएको भनेर आफूलाई फोन गरिरहेका छन्, दुवै पट्टि पहिरो गएर बीचमा जोखिमपूर्ण अवस्थामा गाडी अड्किरहेका छन्, हामीले खाना नै पुर्‍याउन सकिरहेका छैनौं, सरकारले पनि सकेको छैन, अनि कसरी चलाउन सकिन्छ गाडी ?"

वरिष्ठ उपाध्यक्ष सिटौलाले नागढुङ्गाबाट बाहिर जान चार दिनअघिका गाडी बल्ल पठाइएको बताउनुभयो । "जाम जारी छ, धादिङ र दाउन्नेमा पहिरो खसिरहेकै छ, देशभरको सडक अस्तव्यस्त भएका कारण समस्या ठूलो छ, फेरि वर्षा हुने भनिरहेको छ, बीचमा रोकिएका गाडी र यात्रु जोखिममा परे, केही भए जिम्मा कसले लिन्छ ? वर्षा नहुँदा पनि सुक्खा पहिरो खसिरहेको छ, यातायात रोकिँदा अब हाम्रो सबै 'सेड्युल' बिग्रियो, अब हामीले टिकट बुक गर्न सक्ने अवस्था छैन, यदी गाडी समयमा आउने अवस्था नरहे यात्रुका पैसा फिर्ता गर्नेछौं ।"

वर्षाका कारण विपत्तिको सङ्कटग्रस्त क्षेत्र घोषण गर्न ढिला गर्न नहुनेमा उहाँले सरकारलाई सुझाव दिनुभयो । मान्छेको ज्यान बचाउन राज्यले ध्यान दिनुपर्छ भन्दै सिटौलाले दसैं पछि पनि मनाउन सकिने भएकाले अहिले ख्याल गर्नुपर्ने बताउनुभयो । मंगलबार पनि बिहान ११ बजेदेखि गाडी रोक्न अनुरोध आएको सुनाउँदै उहाँले एक ठाउँमा भए गाडी रोकौंला पन्छाएपछि सहज जाउँला भन्ने हुन्छ, जताततै भत्किएको अवस्थामा सहज सञ्चालन हुने अवस्था नै नरहेको उहाँले सुनाउनुभयो । पहिरोको त्रास कायमै रहेको अवस्थामा बेलैमा सरकारले निर्णय गरोस् भन्ने आफूहरूको माग रहेको उहाँले बताउनुभयो ।

**'अहिले घर जान हतार नगरौं'**

यातायात क्षेत्रका विज्ञ आशिष गजुरेल अहिलेको अवस्थामा यातायात सहज बनाउन सकिने अवस्था छ भने सहज बनाउने, होइन अवस्था जटिल छ भन्ने देखिएको त्यो सडक बन्द नै गरेर काम गर्नुपर्ने बताउनुहुन्छ । राससँग कुरा गर्दै उहाँले भन्नुभयो, "कहाँ-कहाँ व्यवस्थापन गर्न सकिन्छ गर्ने र सुधार गर्नसक्ने ठाउँमा सुधार गर्नुपर्छ, तत्काल व्यवस्थापन गर्न सकिँदैन भने बन्द नै गर्नुपर्छ, दसैं छ भनेर जोखिममा यात्रा गराउनु हुन्न ।"

अहिले पनि सडकमा पहिरो खस्ने र ढुङ्गा खस्ने क्रम जारी रहेको उल्लेख गर्दै उहाँले सुधार गरेर सञ्चालन गर्दा जोखिम छैन भन्ने लागेको क्षेत्रमा सञ्चालन गर्ने तर सडक व्यवस्थापनमा समय लाग्ने छ भने हतार गर्न नहुने सुझाव दिनुभयो । "दसैंमा यात्रुको चाप छ भनेर ज्यानको जोखिम राखेर सवारी साधन सञ्चालन गर्नु भएन", उहाँले भन्नुभयो, "त्यसैगरी सञ्चालन गर्दा झ्याप्ले खोलामा त्यती ठूलो घटना भयो, गाडी नचलाउ भन्दाभन्दै चलाएका कारण झ्याप्ले खोलामा घटना भएको थाहा नै छ ।"

उहाँका अनुसार जहाँ पनि सडक खनेको ठाउँमा सानो ठूलो पहिरो खसिरहेको र यसले जोखिम कायम छ भनेर देखाउँछ । आगामी दिनमा पनि ठूलो क्षति गराउन सक्ने उहाँको भनाइ छ । "यो अवस्थामा जबरजस्ती गरेर घर जानलाई हतार गर्नु हुँदैन, ज्यान रह्यो भने दसैं त फेरि पनि मनाउन पाइहालिन्छ", गजुरेलले भन्नुभयो, "यात्रुले पनि जबरजस्ती जान नखोजौं, सरकारले पनि जोखिम छ भनेर यकिन भएको ठाउँमा गाडी जान रोक्नैपर्छ ।"

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सप्तरी

# सडक यातायात क्रमश : सहजतातर्फ

काठमाडौँ, १५ असोज (रासस)।

केही दिनअघिको अविरल वर्षापछि आएको बाढीपहिरोबाट ठप्प काठमाडौँ उपत्यका प्रवेश गर्ने नाका सञ्चालनमा आउन थालेसँगै सडकयात्रामा केही हदसम्म सहजताको स्थिति बनेको छ।

धादिङको झ्याप्ले खोलाको सडकमा खसेको पहिरो पन्छाउने कार्य पूरा भएसँगै त्रिभुवन राजपथ र पृथ्वी राजमार्ग भएर गुड्ने सवारी आवागमन सञ्चालन भएको छ।

पूर्वतर्फ साँगाभञ्ज्याङ भएर बाहिरिने सवारीसाधन अरनिको राजमार्ग हुँदै चौतारासम्म तथा बिपी राजमार्गतर्फ भकुण्डेबेँसीसम्म सञ्चालनमा रहेको काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रहरी नायब उपरीक्षक रविन कार्कीले जानकारी दिनुभयो।

नुवाकोटतर्फ जाने नाका खुले पनि त्यहाँबाट भने ठूला सवारीसाधन आवागमनमा केही कठिनाइ रहेको उहाँको भनाइ छ। दक्षिणकाली भएर उपत्यका छाड्ने सडक भने सञ्चालनमा आउन सकेको छैन। बाढीपहिरोबाट पक्की पुल बगाएका र नदीले सडक कटान गरी ठूलो क्षति पुर्‍याएका स्थानमा भने अझै सवारीसाधन पूर्ण रूपमा सञ्चालनमा ल्याउन केही समय लाग्ने छ।

केही दिनअघिको बाढीपहिरोबाट मुलुकका ५० भन्दा बढी सडकको एक सय बढी ठाउँमा क्षति पुर्‍याएको थियो। सानाठूला गरी २० वटा पुल बगायो। बाढीपहिरोका कारण यात्राका क्रममा बीच बाटोमा रोकिएका यात्रुलाई गन्तव्यमा पुर्‍याउने कार्यमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललगायत सुरक्षाकर्मी अहोरात्र खटिरहेका छन्। तथापि, केही राजमार्गका केही खण्डमा यातायातका साधन सञ्चालनमा आउन अझै केही समय लाग्ने अनुमान गरिएको छ।

यसैबीच, नजिक आइरहेका बडादसैँलगायत चाडपर्वका कारण काठमाडौँमा न्यूरोडसहितका सहरी क्षेत्रमा किनमेल गर्नेको भीडभाडले केही दिनदेखि सवारीसाधन व्यवस्थापनमा चाप बढेको छ। पछिल्ला दिन कोटेश्वर, त्रिपुरेश्वर, बानेश्वर, थापाथली, माइतीघर, पुतलीसडक, गौशाला, महाराजगञ्ज चक्रपथ, गोङ्गबु, कालीमाटी र कलङ्की क्षेत्रमा तुलनात्मक रूपमा सवारी आवागमन बाक्लो देखिएको नायब उपरीक्षक कार्की बताउनुहुन्छ।

उपत्यकाभित्रका खोला करिडोर सडकमा बाढीपछिको हिलो पन्छाउने कार्य पूरा भएसँगै उपत्यकामा सडक यातायात व्यवस्थापन केही हदसम्म सहज हुने ट्राफिक प्रहरीको ठम्याइ छ।

बडादसैँलगायत चाडबाड मनाउन ठूलो सङ्ख्यामा राजधानी बाहिर जाने यात्रीका सहयोग र सहजताका लागि उपत्यका ट्राफिक कार्यालयले काठमाडौँ, ललितपुर र भक्तपुरका १४ स्थानमा नागरिक सहायता कक्षको व्यवस्था गरेको छ। उक्त सहायता कक्ष यात्रु बिचौलियाबाट ठगिन नपरोस् र सर्वसाधारण नागरिकको यात्रा सहज र सुविधाजनक होस् भन्ने हेतुले स्थापना गरिएको कार्यालयले जनाएको छ।

उपत्यका ट्राफिक कार्यालयले बिचौलियाबाट बच्न आधिकारिक टिकट काउण्टरबाट टिकट लिएर मात्र यात्रामा निस्कन सुझाव दिएको छ।

# सुनसरीमा बाढीले कृषि क्षेत्रमा बढी क्षति

**अजितकुमार झा**

इनरुवा, १५ असोज (रासस)।

सुनसरी भोक्राहा नरसिंह गाउँपालिकाका देवनारायण मेहताले दुई बिघामा धानखेती गर्नुभएको थियो। उहाँले खेतको गोडमेल, रोपाइँ, सिँचाइलगायत व्यवस्थाका लागि प्रतिबिघाको करिब रु ४० हजार खर्च गर्नुभएको थियो।

केहीदिनदेखि परेको अविरल वर्षासँगैको बाढीले उहाँसँगै जिल्लाका अधिकांश किसानका धानखेतीमा क्षति पुऱ्याएको समाजसेवी राजकिशोर मेहताले बताउनुभयो। प्रतिबिघा रु ४० हजार लगानी गरेर खेती गर्नु आमकिसानका लागि समान्य कुरा नभएको उहाँको भनाइ छ।

देवनारायणले खेतीमा लगानी गर्दा चिन्ता लिनुभएको थिएन् तर अहिले बाढीबाट क्षति भएपछि वर्षभरि के खाने भन्ने चिन्तामा उहाँ हुनुहुन्छ। उहाँले करिब दुई बिघामा धानखेती गर्नुभएको थियो। देवनारायणले खेतीको बिमा नगरेकाले पनि थप चिन्ता थपेको समाजसेवी मेहताले बताउनुभयो।

देवनारायणले घुटराज जातको धान लगाउनुभएको थियो। पाकेर भित्र्याउने बेला आएको पानीले खेतीसँगै किसानको लाखौंको लगानीमा क्षति भएको स्थानीय किसान रामवृक्ष मेहताले उल्लेख गर्नुभयो। भोक्राहा नरसिंहसहित जिल्लाका विभिन्न स्थानमा घुटराज धान लगाउने किसान अहिलेको वर्षाबाट बढी प्रभावित भएका उहाँले बताउनुभयो।

भोक्राहा नरसिंह गाउँपालिकामा मात्र घुटराज धान रोपाइँ गर्नेमा देवनारायणसहित जमाहर मेहता, श्यामदेव मेहता, जोगिन्दर मेहतालगायत छन्। यहाँ करिब ४० बिघा जमिनमा यो धान रोपाइँ भएको स्थानीय जमाहर मेहताले जानकारी दिनुभयो। लगातारको वर्षाले धान खेतमा खसेको र पानी नसुकेपछि खेतमै उम्रिने उहाँले बताउनुभयो।

किसानले वार्षिक रुपमा मजदुरकारको अभावका साथै आर्थिक सङ्कट, मल तथा बिउ अभावका बीच पनि खेती गर्दै आएका जमाहरले बताउनुभयो। "सिँचाइका लागि पानी आवश्यक भएका बेला नपर्ने, अहिले धान काटेर भित्राउने बेला परेको पानीले खेती सबै नष्ट गरेको छ", उहाँले भन्नुभयो।

यसैबीच लगातार वर्षासँगै आएको बाढीबाट विस्थापित भएकाहरु घर फर्किन थालेका छन्। जिल्लाको विभिन्न स्थानीय तहमा बाढीबाट विस्थापित भई सार्वजनिक स्थानमा बसेकाहरु फर्किन थालेका सशस्त्र प्रहरी बल ४ नं गण सुनसरीका प्रहरी उपरीक्षक समेनन्द बज्राचार्यले राससलाई जानकारी दिनुभयो। कोशी-४ मा बाढीबाट डुबानमा परेका ४० परिवार घर फर्किएका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमन तिम्सिनाले जानकारी दिनुभयो।

हरिनगर गाउँपालिकामा केही बाढीपीडित अहिले पनि सार्वजनिक स्थानमा रहेको भन्दै पालिकाले अस्थायी बासस्थान र खानाको व्यवस्थापन मिलाएको गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले बताउनुभयो।

सुनसरी खोला र मरिया खोलाको बाढीले गाउँपालिकाका कतिपय स्थान आंशिक डुबानमा परेका भन्दै वडा नं २ र ४ का पीडित घर फर्किन थालेका छन्‌भने वडा नं ५ र ७ का पीडित अहिले पनि सार्वजनिक स्थानमा बसिरहेका उहाँले जानकारी दिनुभयो।

बाढीले गाउँपालिकाको करिब एक सय बिघामा पाकेको धानखेती तथा एक सय बिघा तरकारी खेतीमा क्षति गर्नुका साथै दुई किलोमिटर सडक कालोपत्र भत्काएको अध्यक्ष अन्सारीले जानकारी दिनुभयो।

खेती गर्ने बेलामा मजदुर, मल, पानी अभाव भए पनि गरिएको तरकारी, धान र सनपाटको खेती भित्राउने बेलामा आएको बाढीले नष्ट गरिदिएको किसान चन्दन मेहताले बताउनुभयो। दसैं नजिकिएसँगै बिक्रीका लागि तयार पारिएको कोपी, बैगुन, परबल, भिण्डी, करेला, लौका, फर्सी, घिरौंला, काकालगायत तरकारी बालीमा बाढीले क्षति पुऱ्याएको उहाँको भनाइ छ।

बाढीले विभिन्न ठाउँमा भत्काएको सडकको सम्बन्धित स्थानीय तहले मर्मतसम्भार गर्न सुरु गरिसकेका जिल्ला प्रशासन कार्यालयले जनाएको छ। बाढीबाट जिल्लामा भएको क्षतिको यकिन विवरण आउनेक्रम जारी रहेको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी


## विश्व समाचार

### जम्मु-कस्मिरमा विधानसभा निर्वाचनअन्तर्गत अन्तिम चरणको मतदान सम्पन्न

श्रीनगर, भारत, १५ असोज (रासस/एएफपी)।

भारत प्रशासित कश्मीरमा मङ्गलबार विधानसभा निर्वाचनअन्तर्गत तेस्रो एवं अन्तिम चरणको मतदान सम्पन्न भएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारद्वारा सन् २०१९ मा जम्मु-कस्मिरको विशेष दर्जा हटाइयो र केन्द्र शासित दुई प्रदेश सिर्जना गरिएको थियो।

भारत-पाकिस्तानबीच विभाजित रहेको क्षेत्र त्यसबेलादेखि संघीय रूपमा नियुक्त गभर्नरको नियन्त्रणमा रहँदै आएको छ।

३५ वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कस्मिर क्षेत्रमा करिब पाँच लाख भारतीय सेना तैनाथ गरिएको छ र मङ्गलबारको निर्वाचनमा सुरक्षा व्यवस्था कडा पारिएको थियो।

उच्च बेरोजगारी दर र सन् २०१९ को परिवर्तनप्रति आक्रोशले अभियानलाई उत्प्रेरित गरेको छ र स्थानीय दलहरूले कस्मिरको स्वायत्तताको पुनर्स्थापनाका लागि लड्ने वाचा गरेका छन्। निर्वाचनको परिणाम अक्टोबर ८ मा घोषणा गरिनेछ।

मतदानको पहिलो दुई चरणमा ५५ प्रतिशतभन्दा बढी योग्य मतदाताले मतदान गरेका थिए। विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन्।

### अमेरिकामा आँधीका कारण मृत्यु हुनेको संख्या १ सय १८ पुग्यो

वाल्डोस्ता, संयुक्त राज्य अमेरिका, १५ असोज (रासस/एएफपी)।

दक्षिणपूर्वी संयुक्त राज्य अमेरिकामा 'हेलेन' नामक विनाशकारी आँधीबेहरीबाट ज्यान गुमाउनेको संख्या सोमबार ११८ पुगेको छ।

दक्षिणपूर्वी अमेरिकी राज्यमा सयौं अझै बेपत्ता छन् र मृत्युको सङ्ख्या बढ्दै जाँदा, राष्ट्रपति जो बाइडेनले उद्धार प्रयासको निरिक्षण गर्न बुधबार आँधीले ध्वस्त पारेको उत्तरी क्यारोलिनाको यात्रा गर्ने घोषणा गर्नुभएको छ।

आँधीबेहरी र त्यसले निम्त्याएको बाढीबाट उत्तर क्यारोलिनामा ४९, दक्षिण क्यारोलिनामा २५, जर्जुयामा २५, फ्लोरिडामा १४, टेनेसीमा ४ र भर्जिनियामा एक गरी कम्तिमा ११८ जनाको मृत्यु भएको एएफपीले संकलन गरेको स्थानीय अधिकारीको तथ्याङ्कले जनाएको छ।

संघीय आपतकालीन व्यवस्थापन प्रशासन (फेमा) का कर्मचारीले प्रभावित राज्यमा मानिसको उद्धार र खोजी कार्य जारी राखेका छन्। उनीहरूले प्रभावित क्षेत्रहमा पानी र बिजुली आपूर्ति पुनर्स्थापना गर्ने, आँधीले ढालेका रुखहरू पन्छ्याउने, आवश्यक सामग्री उपलब्ध गराउने र सहायता आवश्यक हुने मानिसको नाम दर्ता गर्ने काम गरिरहेका छन्।

अधिकारीहरूले मृतकको सङ्ख्या बढ्ने चेतावनी दिँदै अझै ६०० जना बेपत्ता रहेको जानकारी गराएका छन्।

### आफ्ना नागरिकलाई लेबनान छोड्न अष्ट्रेलियाको आग्रह

क्यानबेरा, १५ असोज (रासस/सिन्ह्वा)।

बढ्दो द्वन्द्व र अशान्तिकाबीच बेरुत विमानस्थल बन्द हुन सक्ने चेतावनी दिँदै अष्ट्रेलिया सरकारले आफ्ना नागरिकहरूलाई तुरुन्तै लेबनान छोड्न आह्वान गरेको छ।

सोमबार राति सामाजिक सञ्जालमा विज्ञप्ति सार्वजनिक गर्दै विदेश मामिलामन्त्री पेनी वोङले लेबनानमा रहेका अस्ट्रेलियालीलाई हवाइ टिकटको व्यवस्था गर्नका लागि विदेश मामिला तथा व्यापार विभाग (डिएफएटी) ले एयरलाइन्ससँग समन्वय गरिरहेको बताउनुभएको छ।

पछिल्लो समयमा मध्यपूर्वमा चलिरहेको द्वन्द्वको बीच अष्ट्रेलियाली नागरिकहरूलाई लेबनान यात्रा नगर्न तथा पहिले नै लेबनानमा रहेका नागरिकहरूलाई लेबनान छोड्नका लागि सरकारको बारम्बार चेतावनी दिइरहेको छ।

लेबनानमा रहेका अस्ट्रेलियालीहरूलाई स्वदेश फर्कने अवसर लिन आग्रह जारी गर्दै उचित मार्ग चयनको लागि केहि समय धैर्य गर्न आग्रह गरेको छ।

क्यानबेरामा मङ्गलबार सञ्चारकर्मीसँग कुरा गर्दै अर्थमन्त्री जिम चाल्मर्सले बढ्दो द्वन्द्वको मानवीय मूल्यका बारेमा सरकार गम्भीर रूपमा चिन्तित रहेको बताउनुभएको छ। डिएफएटीद्वारा सञ्चालित सेवाले सन् २०२३ अक्टोबर देखिनै लेबनानका लागि "यात्रा नगर्न सल्लाह दिदै आएको जनाइएको छ।

लेबनानका लागि शनिबार जारी गरिएको निर्देशनको पछिल्लो अपडेटले आतङ्कवादी आक्रमण कुनै पनि समय र स्थानमा हुन सक्ने चेतावनी दिएको छ।

यसै बीच अष्ट्रेलियाली नागरिक र लेबनानका स्थायी बासिन्दालाई डिएफएटीको सङ्कट दर्ता पोर्टलमा दर्ता गर्न आग्रह गरिएको छ भने लेबनान नछोड्नेहरूका लागि आक्रमणको समयमा सुरक्षित आश्रयसहित पूर्वतयारीका साथ आक्रमणको सामना गर्न तयार हुन जानकारी दिइएको छ।

यसअघि अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसनले सेप्टेम्बरमा सरकारले कम्तिमा १५ हजार देखि ३० हजार अष्ट्रेलियालीहरू अझै पनि लेबनानमा रहेको अनुमान गरेको थियो।

# बाढीबाट पुल भत्किँदा राजविराज भन्सारको राजस्व संकलन प्रभावित



**अरुणकुमार यादव**
राजविराज, १५ असोज (रासस)।
केही दिनअघिको अविरल वर्षाका कारण जीता खोलाको आएको बाढीले राजविराज–कुनौली सडकखण्डमा रहेका पुल भासिदा आवतजावतमा समस्या भएको छ।

साथै भारतसंग जिल्लालाई जोड्ने प्रमुख सो सडक वर्षाले पूर्ण रूपमा अवरुद्ध भएको छ। यसबाट तिलाठी कोइलाडी गाउँपालिका–१ तिलाठीस्थित राजविराज भन्सार कार्यालयको राजस्व सङ्कलनमा प्रभावित समेत भएको छ। अहिले सो सडक र भासिएको पुलबाट पानी बगिरहेको छ।

वर्षा हुनासाथ जीर्ण रहेका पुलबाट आवतजावत गर्न र सडक कटानको समस्या दोहोरिने जनाइएको छ। साथै कटानसमेत गरेको छ। स्थानीयवासी विन्देश्वरी यादवले जीता खोलामा आएको बाढीले पुल बगाउँदा तिलाठीस्थित राजविराज भन्सारसम्म आवतजावत गर्न समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो, "वर्षाका कारण वस्ती डुवानमा नै रहेको अवस्था छ। राजविराज–कुनौली सडकखण्डमा सवारीसाधनको आवतजावत पूर्ण रूपमा अवरुद्ध छ।"

सो सडकखण्ड अवरुद्ध हुँदा मल्हनियाँ जानका लागि १० किलोमिटर घुमेर जानुपर्ने बाध्यता रहेको र कुनोली बजारमा पुग्न एक घण्टा लाग्ने गरेको उहाँले बताउनुभयो।

वर्षायाम सुरु भएसँगै यो सडकखण्डमा पैदल आवतजावत गर्न पनि अपठ्यारो हुने गरेको स्थानीयवासी बिन्दुलाल मुखियाले बताउनुभयो।

भारतबाट कुनौली हुँदै आएका मालवाहक सवारी कुनौली भन्सार कार्यालय पुग्ने मुख्य बाटो यही हो। सडक अवरुद्ध हुँदा सरकारले उठाउने राजस्वमा त असर पर्छ नै स्थानीयलाई समेत जोखिम थपिएको छ।

दुई वर्षअघि आएको बाढीले सडक भासिदा दुई जना बेपत्ता भएका थिए। कटानका कारण गाउँका बासिन्दालाई सदरमुकाम राजविराज पुग्न पनि कठिनाइ खेप्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्।

तिलाठी कोइलाडी गाउँपालिका–१ का वडाध्यक्ष दिनेश्वर मिश्र सडक कटानको समस्या तीन दशकभन्दा बढी समयदेखि रहेको बताउनुहुन्छ। उहाँले खाँडो र जीता नदीको बहाव सही तरिकाले व्यवस्थापन नहुँदा निरन्तर यो समस्याले यात्रीलाई सास्ती दिँदै आएको जानकारी दिनुभयो। यद्यपि सरकारले गम्भीरता नदेखाएपछि यहाँका स्थानीय बासिन्दालाई वर्षायाममा यस्ता समस्या भोग्नुपर्ने नियति नै बनेको छ। "यो समस्या हरेकपटक वर्षायाममा आउँछ तर राज्यले गम्भीरता देखाउँदैन", उहाँले भन्नुभयो, "यसले राजविराज भन्सार कार्यालयको राजस्व सङ्कलनमा पनि निकै गिरावट आउँछ, यो समस्या जति चाँडो समाधान हुन्छ, स्थानीयसँगै राज्यका लागि त्यति नै फलदायी हुन्छ।"

तिलाठीस्थित राजविराज भन्सार कार्यालयका सूचना अधिकारी अजयप्रकाश भगतले राजविराज जोडिने कुनौलीको पूर्वी भेगसम्मको बीच बाटोमा रहेको पुल र सडक जीता खोलाले बगाएर क्षति गर्दा राजस्व सङ्कलनमा धेरै गिरावट आएको बताउनुभयो।

उहाँले राजविराज भन्सारसम्म सवारीसाधन आउन नसकेका कारण आर्थिक वर्ष २०८१/८२ को साउन र भदौमा लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको बताउनुभयो। कार्यालयसम्म आउने बाटो जीर्ण र समय–समयमा बाढीले सडकमा क्षति गरेको कारण सडक पुनःनिर्माण नभएका कारण राजस्व सङ्कलन प्रभावित भएको सूचना अधिकारी भगत बताउनुहुन्छ। उहाँले भन्नुभयो, "साउनमा रु ६७ लाख २३ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा २३ लाख ८८ हजार सङ्कलन भएको र भदौमा रु ६३ लाख ५५ हजार लक्ष्य रहेकामा रु १९ लाख ३८ हजार राजस्व असुली भयो।"

कुनौली बजार आवतजावतका लागि पुल नभएका कारण पनि राजस्व सङ्कलमा कमी आएको उहाँले बताउनुभयो। यस्तै राजविराज भन्सारदेखि पूर्वतर्फको पुलसमेत बाढीले बगाउँदा नेपाली दैनिक उपभोग्य सामानमा किन्न निर्भर रहने कुनोली बजार जानसमेत समस्या छ।

राजविराजदेखि १० किलोमिटर दक्षिणपूर्वमा भारतीय सिमानामा रहेको कुनोली बजारमा दैनिक उपभोग्य सामान किन्नेहरूको भीड लाग्ने गर्दछ।

दसैंतिहारका बेला बजार जाने नेपाली तिलाठीबाट दक्षिण खोला तरेर कुनोली बजार जाने बाटोमा समेत पुल नभएकाले सास्ती खेपिरहेको हनमाननगर कङ्कालनी नगरपालिका–१४ का वासुदेव मण्डलले बताउनुभयो।

कुनौली बजारमा दैनिक उपभोग्य सामान किन्नका लागि जिल्लाको राजविराज, हनुमाननगर, भारदह, कञ्चनपुर, रुपनी, डिवन र तिलाठी कोइलाडी गाउँपालिकाको लौनिया, सकरपुरा, रम्पुरा, मल्हनिया र तिलाठीका सर्वसाधारण जाने गर्दछन्।

## फत्तेपुर–हनुमाननगर …

नगरपालिकाको फत्तेपुर, सिद्दिपुरदेखि भारदह, हनुमाननगर सम्मको २५ किलोमिटर क्षेत्र कोशी टप्पु बन्यजन्तु आरक्षणको सिमावर्ती क्षेत्रमा प्रदेश सरकारले लगानी गरी पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनु पर्नेमा जोड दिए।

उनले ती क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरे जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकको आगमनसँगै स्थानिय आयश्रोतमा बृद्धि समेत हुने उल्लेख गरे। मन्त्री लेखीले ती क्षेत्रमा रोजगारीको वातावरण सृजना हुनुका साथै थोरै भएपनि बेरोजगारी समस्या न्युनिकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै प्रदेश सरकारको ध्यानकर्षण गराए।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# बाढीपहिरामा परी २ सय १८ जनाको मृत्यु, २७ बेपत्ता

काठमाडौं, १५ असोज (रासस)।
गृहमन्त्री रमेश लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिँदै विपद्पछिको प्रतिकार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभा राज्यव्य तथा सुशासन समितिको मंगलबारको बैठमा उहाँले विपद्मा परेका नागरिकको खोज तथा उद्धार र राहतमा सरकार केन्द्रित भएको बताउनुभयो।

उहाँले घाइतेको निःशुल्क उपचार र पहिरोका कारण अवरुद्ध मुख्य राजमार्ग र सहायक राजमार्ग खोलेर आवागमन सहज बनाउनेतर्फ सरकार केन्द्रित भएको जानकारी दिनुभयो। "खोज तथा उद्धार जारी छ। राहत सामग्री वितरणको कार्य पनि जारी छ। सरकारी अस्पतालमा घाइतेको निःशुल्क उपचार भइरहेको छ। राहत सामग्री परिचालन र पुनःस्थापनालाई प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति सक्रियतापूर्वक लागेका छन्", उहाँले भन्नभुभयो।

बैठकमा गृहमन्त्री लेखकले बाढीपहिरामा परी देशभर २१८ जनाको मृत्यु, २७ बेपत्ता र १४३ जना घाइते भएका जानकारी दिनुभयो। नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपाल र स्वयम्सेवकले विपद्मा फसेका चार हजार २२ जनाको उद्धार गरेका उहाँले बताउनुभयो।

पचास वर्षपछि भारी वर्षा भएको जानकारी दिँदै उहाँले काठमाडौं उपत्यका र बागमती प्रदेश बढी प्रभावित भएका बताउनुभयो। उद्धारमा नेपाली सेनाका तीन हजार ९०६, नेपाल प्रहरीका १४ हजार ८०२ सशस्त्र प्रहरीका १२ हजार २३ जनशक्ति विपद्पछि खोज र उद्धारमा खटिएका उहाँले जानकारी दिनुभयो।

# हवाई उडान नयाँ रेकर्ड कायम : सोमबार भए साढे पाँच सय उडान

काठमाडौं, १५ असोज (रासस)।
सङ्घीय राजधानी काठमाडौं भित्रने र बाहिरिने सडकमार्ग अवरुद्ध भएपछि हवाई यात्रीको चाप बढेको छ। यही असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा काठमाडौं आउने मुख्य सडकमार्ग अवरुद्ध छन्। सडक अवरुद्ध भएपछि तीन दिनयता हवाईयात्रीको चाप ह्वात्तै बढेको हो।

मुलुकको अति व्यस्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडानको नयाँ रेकर्ड कायम भएको छ। अन्तर्राष्ट्रिय विमानस्थलबाट सोमबार एक दिनमा साढे पाँच सय उडान भएका छन्। आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले जानकारी दिनुभयो। उहाँका अनुसार आन्तरिकतर्फ हेलिकप्टरसहित दुई सय २७ उडान (डिपार्चर) र दुई सय २१ अवतरण (अराइभल) भएका छन्।

अन्तर्राष्ट्रिय उडानतर्फ पनि ५६ अवतरण र ५५ उडान भएका छन्। प्रवक्ता शेर्पाले एकै दिन सम्भवतः यो हालसम्मकै सर्वाधिक उडान भएको बताउनुभयो। एकैदिन धेरै उडान भएकाले उडान चाप बढेको छ। यसअघि अघिल्लो वर्ष दसैंका बेला यस्तो उडान चाप थियो। विमानस्थलको विवरणमा आन्तरिक र अन्तर्राष्ट्रियमा गरी दैनिक पाँच सय हाराहारी उडान भएका थिए। अन्तर्राष्ट्रियमा दैनिक एक सय १३ देखि १५ उडान भएको थियो भने आन्तरिकतर्फ पनि दैनिक दुई सय ७० उडानमार्फत १४ हजार यात्रीले आवतजावत गरेका थिए।

विमानस्थलका प्रवक्ता शेर्पाले मंगलबारका लागि आन्तरिकतर्फ एक सय ६९ अराइभल र एक सय ६९ डिपार्चर उडान तालिका तय गरिएको बताउनुभयो। अन्तर्राष्ट्रियमा ५८ डिपार्चर र ५७ अराइभल हुने उहाँले बताउनुभयो। हेलिकप्टरको उद्धार उडानको सङ्ख्या पनि उल्लेख्य सङ्ख्यामा हुनेछन्।

वर्षाका कारण अवरुद्ध मुख्य सडकमार्ग आंशिक रूपमा खुलेपनि यात्रुलाई यात्रा गर्न निकै कष्टकर भइरहेको छ। यस्तो अवस्थामा यातायातको एकमात्र विकल्प हवाई उडान हो। एक्कासी हवाई उडानमा पनि चाप बढेपछि यात्रुलाई गन्तव्यमा पुग्न समस्या भइरहेको छ। दिनहुँ विमानस्थलमा यात्रुको भीड लाग्ने गरेको छ। आइतबार र सोमबार अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा उल्लेख्य सङ्ख्याका यात्री विमान उडानको पर्खाइमा थिए।


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मितिः २०८१।६।९

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना।

... दर्ता रहेको साविक कि.नं. ... मौजा ... हाल तपसिल बमोजिम ... भएको जग्गा ... को छुट दर्ता गरी प्रमाण पुर्जा पाउ भन्ने ... वार्ड नं. १ बस्ने श्री ... को ... मिति ... मा निवेदन परी ... सार्वजनिक सूचना प्रकाशित गर्न मिति ... मा आदेश भए अनुरुप यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित ... निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा ... हुन जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी ... म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम ... गर्ने ... कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | सा.कि. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| [illegible] | १ | [illegible] | [illegible] | ०-१-२ | [illegible] | [illegible] |

नायब सुब्बा


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*